दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक ३४६ | बुटवल | २०८१ पौष ०८, गते सोमबार | नेपाल संवत ११४५ | Monday Dec.23, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


सहकारी ठगी प्रकरण :

# रविसहित ३१ जनाविरुद्ध मुद्दा, डेढ अर्ब बिगो दावी

**लामिछानेलाई सूर्यदर्शन सहकारी ठगीमा ३ करोड ३७ लाख ६५ हजार रुपैयाँ बिगो कायम गरिएको छ भने सम्पत्ति शुद्धीकरणको कसुरमा झण्डै २८ करोड बिगो कायम गरिएको छ ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसहित ३१ जनाविरुद्ध पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा तीनवटा कसुरमा अभियोग पत्र दायर भएको छ । जिल्ला सरकारी वकिल कार्यालय प्रमुख कमला काफ्लेका अनुसार लामिछानेसहित ३१ जनाविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गरिएको हो ।

रवि लामिछाने, छविलाल जोशी, रामबहादुर खनाल, दिपेश कुमार पुन, नेत्रपाणी बास्तोला, देवेन्द्रबाबु राई, विज्ञान राई, लिला पछाई, विश्वविक्रम राई, विशाल तामाङ, नविन अछामी, रविना रिमाल, असरफ अली सिद्दिकी, दिपक लामा, अनन्तबाबु राई र ओमप्रकाश गुरुङलाई प्रतिवादी बनाइएको छ ।

यस्तै वीरबहादुर रानाभाट, दीपा न्यौपाने, कल्पनाकुमारी श्रेष्ठ, ज्ञानबहादुर बम्जन, मिना गुरुङ, सूर्यध्वज न्यौपाने, आरती गुरुङ, लिलाबहादुर गुरुङ, पेशल कुमार राई, कृष्णबहादुर गुरुङ, देवकुमार नेपाली, शकुन्तला गुरुङ, मिश्रकुमारी गुरुङ, रितु ताम्राकार र लक्ष्मीप्रसाद पौडेलविरुद्ध अभियोग पत्र दायर गरिएको हो । उनीहरुविरुद्ध एक अर्ब ५१ करोड ४० लाख १९ हजार १९४ रुपैयाँ बिगो दाबी गरिएको छ ।

लामिछानेलाई सूर्यदर्शन सहकारी ठगीमा ३ करोड ३७ लाख ६५ हजार रुपैयाँ बिगो कायम गरिएको छ भने सम्पत्ति शुद्धीकरणको कसुरमा झण्डै २८ करोड बिगो कायम गरिएको छ । उक्त बिगो भराउन र उनीहरूलाई कैद सजाय गर्न पनि माग गरिएको छ ।

यो कसुरमा पूर्वडीआईजी छविलाल बन्जाडे जोशीलाई ७४ करोड ३४ लाख ७१ हजार ५५ रुपैयाँ ५२ पैसा कायम गर्दै अभियोग दायर भएको छ। जोशी रविभन्दा एक महिनापहिले नै पक्राउ परेका थिए । लिला पछाई र विश्वविक्रम राईलाई भने क्रिप्टोको कारोबारको आरोपमा पनि मुद्दा चलाइएको छ ।

जीबीसहित १९ जनाविरुद्ध गत शुक्रबार नै यही बिगो र थप कसुरमा मुद्दा दायर भइसकेको छ । सम्पत्ति शुद्धीकरणको कसुरमा प्रहरीले अनुसन्धानका लागि पाउने ९० दिनको समय सकिएपछि रविसहितका प्रतिवादीहरुलाई आइतबार कार्यालय खुल्नासाथ अदालत पुऱ्याइएको थियो । शुक्रबार नै अदालतले दिएको म्याद सकिए पनि शनिबार बिदा भएकाले आइतबार मात्रै अभियोगपत्रसाथ सरकारी वकिल कार्यालयले उपस्थित गराएको हो ।

दोस्रो चरणको अनुसन्धानमा छविलाल बन्जाडे जोशी असोज ६ गते पक्राउ परेका थिए । त्यसपछि प्रहरीले ९० दिन लगाएर अनुसन्धान टुंग्याएको हो । दोस्रो चरणको अनुसन्धानमा ३१ जनाविरुद्ध अभियोग पत्र दायर गरिएको छ । तीमध्ये लिला पछाइ र विश्वविक्रम राईलाई क्रिप्टो कारोबारको आरोपमा राष्ट्र बैंक ऐनसम्बन्धी कसुर समेत लगाइएको छ ।

**रवि र निकिताको घर जग्गा जफत गर्न माग**

जिल्ला सरकारी वकिल कार्यालय कास्कीले रवि लामिछाने र उनकी पत्नी निकिता पौडेलका नाममा रहेको सम्पत्ति जफत गर्न माग गरेको छ । आइतबार जिल्ला अदालत कास्कीमा तीनवटा कसुरमा मुद्दा दायर गर्दै उनीहरूको नाममा भएको सम्पत्ति समेत जफत गर्न माग गरिएको हो ।

अभियोगमा रवि लामिछानेको नाममा काभ्रेपलान्चोकको नाल्दुम बालुवापाटनमा रहेको १-१-१-१ क्षेत्रफलको जग्गा जफत गर्न माग गरेको हो । यस्तै, निकिताका नाममा बूढानीलकण्ठमा रहेको ५ आना जग्गा पनि जफत गर्न माग गरिएको छ । उक्त जग्गाको मूल्य ३ करोड ८५ लाख रुपैयाँ बराबरको हो । सो जग्गा २०७६ मंसिर २३ गते खरिद गरिएको थियो । रवि र निकिताको बैंक खातामा ७ लाख ७४ हजार ७७४ रुपैयाँ रहेको छ। रवि र निकिताका विभिन्न बैंकमा रहेका १८ वटा खातामा उक्त रकम फेला परेको हो ।

## रविको सांसद पद जाने

बुटवल । रास्वपा सभापति तथा सांसद रवि लामिछानेलाई निलम्बन गर्न जिल्ला प्रहरी कार्यालय कास्कीबाट पठाइएको चिठी संसद सचिवालयमा आइपुगेको छ ।

संसद सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार आइतबार अबेला निलम्बन सिफारिसको चिठी आइपुगेको हो । समय घर्केकाले यसबारे सोमबार प्रक्रिया अघि बढ्ने उनले बताए ।

सहकारी ठगी, संगठित अपराधसँगै सम्पत्ति शुद्धीकरण अभियोगमा लामिछाने संलग्न रहेको भन्दै निलम्बन माग भएको हो ।

सम्पत्ति शुद्धीकरणको कसुरमा लामिछानेविरुद्ध २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँ बिगो अशुल गर्न माग गरिएको छ। सम्पत्ति जफतका लागि रविकी पत्नी निकितालाई पनि प्रतिवादी बनाइएको छ ।

**रविको बयान : जीबीले सहकारीबाट पैसा ल्याएको थाहा दिएनन्**

रवि लामिछानेले गोर्खा मिडियामा आएको रकम कुनै सहकारीबाट आएको भन्ने दस्ताबेज नरहेको भन्दै बयान दिएका छन् ।

उनीसहितका व्यक्तिविरुद्ध आइतबार कास्की जिल्ला अदालतमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धिकरणको कसुरमा मुद्दा दर्ता भएको छ । तर लामिछाने आफूमाथि लागको आरोपको इन्कार गर्दै बयान दिएका छन् । जीबीले सहकारी संस्थाबाट पैसा ल्याएको जानकारी आफू पदमा रहुञ्जेलसम्म नदिएको उनको बयान छ ।

'म सम्बद्ध गोर्खा मिडियाले मेरो जानकारी, सहमति, उपस्थिति वा योजनामा कुनै पनि सहकारी संस्थाबाट पैसा लिने लिखित वा मौखिक कुनै प्रकारको सहमति, सम्झौता, करार गरेको थिएन । उनीहरूले गरेको लगानीको स्रोत सहकारी संस्थाबाट आएको भन्ने कुरा स्थापित हुने कुनै आधिकारिक दस्ताबेज गोर्खा मिडियामा प्राप्त छैन र थिएन ।'- बयानका क्रममा भनेका छन् ।

**यस्तो छ लामिछानेले दिएको बयान**

२०७७ असार ३१ गते सहकारीमा नामथर रवि लामिछाने, ठेगाना पोखरा ८ सृजनाचोक लेखेर एक करोड ऋण देखाइएको भन्ने कुरा यसै वित्तीय विश्लेषण र संसदीय समितिमा बयान दिन जाँदाको क्रममा आधिकारिक रूपमा थाहा पाएको हुँ ।

» बाँकी ३ पेजमा

## जनकपुर बोल्ट्सलाई प्रधानमन्त्रीको सम्मान

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणको उपाधि विजेता जनकपुर बोल्ट्सका खेलाडी तथा व्यवस्थापकलगायतलाई बधाईसहित सम्मान गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्कृष्ट प्रदर्शनका साथ नेपाली क्रिकेटको स्तर उकास्न भूमिका निर्वाह गर्ने उक्त टोलीका खेलाडी, नेपाल क्रिकेट सङ्घका पदाधिकारी र व्यवस्थापकलाई बधाई दिएका हुन् ।

शनिबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधि हात पारेको थियो । प्रधानमन्त्री ओलीले आगामी दिनमा अझ ठूलो सफलता हासिल गर्न शुभकामना दिँदै विश्वमा ख्यातिप्राप्त ब्याटर नेपाली पनि हुनसक्छन् भन्ने देखाउने गरी आत्मबल, सीप र उत्साह कायम गर्न सकुन भन्ने कामना पनि गरेका थिए ।

"यो सम्पूर्ण नेपालीको जित हो, नेपाली क्रिकेटको जित हो, प्रतियोगितामार्फत तपाईंहरुको असाधारण क्षमता देखिएको छ ।

उपविजेता सुदूरपश्चिम रोयल्सले पनि राम्रो प्रदर्शन गऱ्यो, कठोर चुनौतीको सामना गर्दै जित हासिल गर्ने जनकपुर बोल्ट्सका खेलाडीहरु बधाईका पात्र हुनुहुन्छ", प्रधानमन्त्री ओलीले भने-"आगामी दिनमा अझ ठूला सफलता हासिल गर्नका लागि म शुभकामना दिन्छु ।"

आफू प्रधानमन्त्री भएपछि कीर्तिपुरस्थित क्रिकेट मैदानको स्तरोन्नतिसम्बन्धी पहिलो निर्णय गरेको उल्लेख गर्दै उनले यसका लागि बोलपत्र आह्वान भइसकेको बताए । उनले नेपालको खेल क्षेत्रको विकासका लागि आफ्नो र सरकारको प्रयास निरन्तर हुने बताए ।

त्यस अवसरमा नेपाल क्रिकेट सङ्घ र खेल व्यवस्थापकहरुले नेपालमा विदेशी खेलाडी ल्याउन र खेल क्षेत्रमा विदेशी लगानी वा सहयोग ल्याउने प्रक्रिया झन्झटिलो भएको गुनासो गरेका थिए । जवाफमा प्रधानमन्त्री ओलीले त्यस्तो खालको अवस्था हुन नहुने र सरकारले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता जनाए ।

## मुद्दा फिर्ता लिनबाट सरकार पछि हटेकोमा माओवादीको आपत्ति




**लुम्बिनी संवाददाता**

*बुटवल*

अदालतमा विचाराधीन राजनीतिक दलका नेता, कार्यकर्ताहरूको मुद्दा फिर्ता लिन सक्नेगरी मुलुकी फौजदारी कार्यविधि संहितालाई गर्न खाजेको संशोधनबाट सरकार पछि हटेको छ ।

विशेष गरी नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपासँग भएको सहमतिलाई समेत दृष्टिगत गरी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६४ संधोधन गर्न प्रस्ताव ल्याएको थियो ।

तर, आइतबार बसेको कानुन, न्याय तथा मानव अधिकार समिति बैठकमा कानुनमन्त्री अजयकुमार चौरसियाले उक्त संशोधन प्रस्ताव फिर्ता लिएको घोषणा गरेका थिए । समितिले नै फिर्ता लिने भनेकाले आफूले त्यसैअनुसार गरेको उनको प्रष्टीकरण थियो ।

समितिमा रहेका माओवादी केन्द्रका सांसदहरूले भने यसमा आपत्ति जनाएका छन् । माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्ती र रामकुमार राईले नेकपासँग गरेको सम्झौताअनुसार सरकार पछाडि हट्न नमिल्ने भन्दै कानुनमन्त्रीको घोषणाप्रति असहमति जनाए ।

त्यतिबेलाको सरकारका कानुनमन्त्री धनराज गुरुङले ल्याएको संशोधन प्रस्तावमा मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेको कुनै राजनीतिक दल वा समूहले मुलधारमा आउन नेपाल सरकारसँग सम्झौता गरेमा हिंसाका दौरान सरकारवादी भइ जुनसुकै अदालतमा विचाराधीन रहेका मुद्दा फिर्ता लिन सक्ने उल्लेख थियो ।




## सम्पादकीय

# अब्बल महिला नेतृत्व

चुलोचौकोमा सीमित नेपाली महिला अवसर पाए नेतृत्वमा अब्बल देखिएका छन् । संविधान जारी भएपछि महिलालाई हरेक क्षेत्रमा सहभागिता सुनिश्चित गरेपछि महिला नेतृत्व विकास भएको छ । महिला नेतृत्व विकाससँगै त्यसले समाजमा सकारात्मक परिवर्तन देखा परेका छन् ।

नवलपरासी बर्दघाट सुस्ता पश्चिममा ६५ सामुदायिक वनमध्ये तीन सामुदायिक वनमा महिलाले नेतृत्व गरेका छन् । कुल सामुदायिक वनमध्ये तीन सामुदायिक वनको नेतृत्व हुनु न्यून हो, तर नेतृत्व गरेका सामुदायिक वनको संख्या न्यून भए पनि महिलाले नेतृत्व गरेका वन अब्बल हुनु सुखद संकेत हो । पुरुषले नेतृत्व गर्दा उत्पन्न विवादित बनेका सामुदायिक वनमा अहिले विवादको छिनोफानो भएको छ । ती वनमा सुशासन पनि अब्बल हुनुले महिला इमान्दार र जवाफदेही छन् भन्ने हो । नवलपरासी–१२ मा रहेको बुद्धमंगल महिला सामुदायिक वन, सुनवल–७ मा रहेको ज्यामिरे सामुदायिक वन र सुस्ता–२ मा रहेको मदारबाबा सामुदायिक वनमा महिलाले नै नेतृत्व गरेर वन संरक्षणमा अब्बल हुनु नेपाली समाजमा महिला नेतृत्व निर्माणको जग राम्रो बन्दै गरेको देखिन्छ । मदारबाबा सामुदायिक वन पहिले विवादमा जेलिएको थियो । गण्डकी र लुम्बिनी प्रदेशको सीमा क्षेत्रमा पर्ने यो वनमा नदीजन्य पदार्थको दोहनले पनि विवाद बढाएको थियो । जब यो सामुदायिक वनमा कुन्ती मुखियाले नेतृत्व गरिन्, सीमासम्बन्धी विवाद मिल्यो, ढुंगागिट्टी मनपरी निकासी पनि रोकियो । समुदायले नेतृत्वप्रति अपनत्वबोध गरेका छन् । ज्यामिरे सामुदायिक वनमा महिला नेतृत्वमा आएपछि खिसीट्युरी गर्नेहरु अहिले प्रशंसा गर्न थालेका छन् । वन हेरालु पनि महिला नै छन् । वनमा चोरी निकासी रोक्न महिलाले सक्तैनन्, पुरुष चाहिन्छ भन्नेहरु अहिले गलत सावित भएका छन् । महिलाको नेतृत्व अब्बल भएपछि लैंगिक समावेशीकरणलाई सबल बनाउन अझैं बल पुगेको छ ।

राज्यका सबै निकायमा महिला सहभागिता सुनिश्चित गर्न संवैधानिक प्रबन्ध छ । राज्यको नीति निर्माण तहमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिएको छ । निजामति, प्रहरीलगायत क्षेत्रमा पनि आरक्षणको व्यवस्थाले महिला नेतृत्व विकासमा बल पुगेको छ । स्थानीय तहमा अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखमध्ये एक महिला हुनुपर्ने र वडाध्यक्षसहित निर्वाचित पाँच जनप्रतिनिधिमध्ये एक दलित महिलासहित दुई महिला अनिवार्य व्यवस्थाले तलदेखि नै महिला नेतृत्व विकास हुँदै महिला नेतृत्वको जग बलियो बनेको छ । सामुदायिक वन उपभोक्ता समूहमा पहिलेदेखि नै ५० प्रतिशत महिला अनिवार्य व्यवस्था थियो । अध्यक्ष धेरै सामुदायिक वनमा पुरुष भए पनि अरु पदमा महिलाले कुशलतापूर्वक जिम्मेवारी बहन गर्दै आएका छन् ।

समाजमा लैंगिक असमानतालाई न्यूनीकरण गर्न अझैं व्यवहारिक प्रयोगमा सकारात्मक बन्न प्रेरित आवश्यक छ । नवलपरासी पश्चिमका महिलाले नेतृत्व गरेका सामुदायिक वनको अब्बल कामले महिला नेतृत्वलाई स्वीकार र स्थापित गर्न प्रेरणा दिएको छ ।

# दलित शब्दबारे भ्रम र यथार्थको चिरफार



परशुराम रम्तेल

दक्षिण एसियाली समाजमा वर्णाश्रम व्यवस्थाद्वारा जातपात-छुवाछुत र जातीय विभेदको मारमा सदियौँदेखि पिल्सिँदै आएका दलित समुदायको समग्र मुक्तिका लागि नेपाली दलित मुक्ति आन्दोलन निरन्तर क्रियाशील छ। करिब आठ दशकका अन्तरालमा थुप्रै आरोहअवरोह र संघर्षका घुम्ती र मोड गुजार्दै संविधानको मौलिक हकमा दुईवटा धारामा दलित अधिकारका सवाललाई सम्बोधन गर्न सफल भएको जगजाहेर छ। समाजमा दलित समुदायमाथि हुने अमानवीय उत्पीडन, छुवाछुत, विभेद, ज्यादती, राजनीतिक, आर्थिक तथा सामाजिक-सांस्कृतिकलगायत सबै क्षेत्रमा हुने बहिष्करण र अधिकारविहीनताको स्थितिविरुद्ध स्थापनाकालदेखि नै नेपाली दलित मुक्ति आन्दोलनले निरन्तर र अविचलित रूपमा संघर्ष गर्दै आयो ।

केही दिनअघि राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा 'दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता' विषयक छलफल कार्यक्रममा दलित समुदायका अधिकारका सवालमा विषयवस्तु राख्दा अनुभवी र स्थापित वामपन्थी नेता वामदेव गौतमले दलित शब्द नै संविधानबाट हटाउनुपर्ने अभिव्यक्ति दिए। यसले सिंगो दलित समुदायलाई आश्चर्यमा मात्रै नभएर आक्रोशित पनि बनाएको छ। हुन त दलित शब्द हटाउनुपर्छ भन्ने अभिव्यक्ति दिनेमा अरू पनि थुप्रै छन्। तर, संविधान नै संशोधन गरी दलित शब्द हटाउनुपर्छ भन्ने नयाँ कुरा आएको छ। नेपालका सबैखाले राजनीतिक आन्दोलनमा दलित समुदायका तर्फबाट बलिदानसहितको योगदान र महत्वपूर्ण भूमिका रहँदै आएको छ। त्यसरी प्राप्त दलित अधिकारलाई संविधान संशोधन गरी कटौती गर्ने कुरा उठाउनु सामान्य होइन। संविधानमा दलित शब्द हटाउनुको सोझो अर्थ प्राप्त अधिकारलाई हटाउनु, कटौती गर्नु वा संशोधन गर्नु हो। संविधानमा उल्लेख गरिएको दलित शब्दसँगै सिंगो समुदायको अधिकार गाँसिएको छ। आखिर दलित शब्दले कसको के बिगारिदिएको होला ? किन खसखस लागेको होला ? दलित समुदायलाई अधिकार सम्पन्न बनाउन कि अझ सम्पन्न बनाउन हटाउने होला ?

दलित उत्पीडनको मर्म र संवेदनशीलता नबुझी हचुवामा किन बोलेको होला ? आदि-इत्यादि सवाल यतिबेला गजुल्टिएर उठेका छन्। यो दलित समुदायका लागि मात्रै नभएर सिंगो नेपाल राष्ट्रका लागि अहं महत्वको सवाल बनेको छ। किनकि, दलितमाथिको उत्पीडनको अन्त्य, अधिकार प्राप्ति र समृद्धिविना नेपाल समृद्ध, सम्मुन्नत र सभ्य बन्न सक्दैन।

दलित शब्दको बहुआयामिक पक्ष : वर्णाश्रम व्यवस्थाद्वारा छुवाछुत र जातीय विभेदको व्यवहार गरिएको नेपाली समाजका श्रम, सीप, कला र क्षमताका धनी श्रमिक समुदायलाई दलित भन्ने प्रचलन रहिआएको छ। नेपालमा वर्णव्यवस्थालाई व्यवस्थित पार्ने सन्दर्भमा यो समुदायलाई हेपेर शूद्र, पानी अचल, अछुत, कुजात, पउनी आदि शब्दको प्रयोग गरिन्थ्यो। भारतीय नेता डा. भीमराव अम्बेडकरले सन् १९२७ ताका चलेको भारतीय दलित आन्दोलनको क्रमसँगै सबै अनुसूचित जातिलाई 'दलित' शब्दले सम्बोधन गरेका थिए। नेपालमा भने वि.सं. २०२३ सालदेखि दलित शब्द प्रयोगमा आएको विभिन्न अध्ययनबाट देखिन्छ। दक्षिण एसियाली समाजको पनि मुख्यतः भारत र नेपालमा हिन्दु समाजद्वारा अछुत बनाइएका सम्पूर्ण श्रमजीवी जनसमुदायको साझा पहिचानका रूपमा दलित शब्द स्थापित हुँदै आएको छ। यो शब्द आफैँमा घृणित र बहिष्कृत होइन। विगतका सामन्तवादी शासकद्वारा राज्यसत्ताको बलमा विभेदकारी नीति, विधि, नियम र संस्कृतिको विकास गरी यो समुदायलाई अपमान, विभेद र बहिष्कार गरिएको हुनाले दलित शब्द तिरस्कृत हुन पुगेको हो। दलित समुदाय आफैँ पीडित, शोषित र दमित भएका होइनन्, शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक सहभागिताबाट वञ्चित भएका होइनन्। उनीहरूलाई शासक वर्गले सुनियोजित रूपमा सामाजिक जीवनका समग्र क्षेत्रबाट पछाडि पारेको हो।

दलित शब्दको अर्थ बहुआयामिक रूपमा स्थापित भएको छ। पुरानो सामन्तवादी सोच, चिन्तन भएका मानिसले दलितलाई नकारात्मक भाष्यका रूपमा जबर्जस्ती स्थापित गर्न खोजेका छन्। सकारात्मक हिसाबले आफ्नो श्रमप्रति गर्व गर्ने, अरूलाई उत्पीडन नगर्ने, कला, सीप र क्षमताका धनी, इमानदार श्रमिक समुदायको रूपमा दलित शब्दलाई स्थापित गरिनुपर्छ। त्यसैगरी राज्यसत्ताबाट सुनियोजित रूपमा पछाडि पारिएका, शासनसत्ता र राज्यसंयन्त्रका निकायमा प्रतिनिधित्व र पहुँच पुर्‍याउन नसकेका, अपमान व्यहोर्न बाध्य पारिएका, शिक्षा, स्वास्थ्य र रोजगारीबाट वञ्चितीकरणमा पारिएका, उत्पादक शक्तिको रूपमा समाजको सबैभन्दा महत्वपूर्ण उत्पादक शक्तिका रूपमा रहेको तर उत्पादनका साधन र स्रोतबाट विमुख गरिएको श्रमजीवि समुदायको साझा नाम नै दलित हो। दलित जाति नभएर विभिन्न जातको समुच्च समुदाय हो। दलितलाई विचार र ज्ञान उत्पादनको क्षेत्रमा मात्रै नभएर राजनीतिक, आर्थिक र सामाजिक-सांस्कृतिकलगायत सबै क्षेत्रबाट निषेध, बहिष्करण, असमावेशीकरण हुँदै अपमान पनि गरियो। जसको परिणाम आजसम्म पनि दलितमाथिको विभेद, अपमान र अधिकारविहीनताकै स्थिति कायम छ।

त्यसकारण, दलित अब शब्दमा सीमित छैन। दलित शब्दले राज्यद्वारा अछुत बनाएर अमानवीय उत्पीडन गर्दै सबै क्षेत्रबाट पछाडि पारिएका समुदायको साझा पहिचान, अपनत्व र आन्दोलनलाई प्रतिनिधित्व गरेको छ। त्यति मात्रै नभएर यसले दलित समुदायका समग्र संवैधानिक र कानुनी अधिकारलाई पनि ग्रहण गरेको छ। समाजमा राजनीतिक क्षेत्रदेखि अन्य सबै क्षेत्रमा लाग्ने एउटा तप्कालाई दलित हटाउन पाए 'न रह्यो बाँस, न बज्यो बाँसुरी' भनेझैँ दलित अधिकारलाई कमजोर बनाउन सकिन्छ भन्ने नितान्त गलत प्रवृत्तिले मुन्टो उठाउन खोजेको देखिन्छ। विगतमा दलित समुदाय अधिकारविहीन हुँदा यो शब्द हटाउने प्रस्ताव कसैबाट आएन, अहिले यो समुदाय अधिकार सम्पन्नताको दिशामा क्रमशः अघि बढ्न थालेपछि, प्रतिस्पर्धामा आउन थालेपछि, राज्यले यो समुदायका लागि ऐतिहासिक क्षतिपूर्तिसहित विशेषाधिकार दिइनुपर्छ भनेर बहस घनीभूत हुन थालेपछि चाहिँ संविधानबाटै दलित शब्द हटाउनुपर्छ भनेर बहस आइरहेका छन्। यो सफा मन र मस्तिष्कबाट आएको नभई गलत मनसुवाबाट, अधिकार खोस्ने दृष्टिकोणबाट आएको देखिन्छ। अतः दलित शब्दप्रतिको बहुआयामिक पक्ष र संवैधानिक हक-अधिकारको पक्षलाई हामी सबैले अझ बढी व्यवस्थित ढंगले प्रचार गर्दै संस्थागत गर्न आवश्यक छ।

अधिकार खोस्ने प्रपञ्च कि अज्ञानता : संवैधानिक र कानुनी रूपमा दलित समुदायले केही भए पनि अधिकार प्राप्त गर्दै गर्दा यो वा त्यो बहाना बनाएर दलितलाई फेरि अधिकारविहीन बनाउन खोजिएको त होइन भन्ने आशंका उब्जाएको छ। हुन त गौतमजस्तो राजनीतिमै लागेर, गरिब र उत्पीडित समुदायका पक्षमा जीवनको सबैजसो समय खर्चिएका व्यक्तिले नकारात्मक ढंगले, गलत मनसायले विषय उठान गरेका होइनन् होला।

मार्क्सवादले हरेक वस्तु वा समस्याको उत्पत्ति, यसका कारण र अन्तर्यलाई खोज र अध्ययन गरी द्वन्द्वात्मक तथा भौतिकवादका आधारमा वैज्ञानिक समाधान खोज्नुपर्छ भन्छ। दलित समुदायमाथिको उत्पीडन, यसको मनोवैज्ञानिक र सांस्कृतिक पक्ष, श्रमजीवि जनता र राज्यसत्तासँगको अन्तरसम्बन्ध, राज्यमाथि यो समुदायको प्रतिनिधित्व र पहुँच, उत्पादनका साधन र स्रोतमाथि दलितको स्वामित्व, आत्मसम्मान र स्वाभिमानमाथिको ठाडो हस्तक्षेपको अस्वीकार आदि अहं महत्वका सैद्धान्तिक र राजनीतिक विषयमाथि अलिकति पनि सोचविचार नगरी मुलुकको उपप्रधानमन्त्री भइसकेका मानिसले हचुवाको तालमा, मनमा लागेको कुरा बोल्नु पटक्कै राम्रो होइन। दलित शब्द हटाउनुपर्छ भन्ने एउटा प्रवृत्ति हो। दलित शब्द हटाउने वा संशोधन गर्नेभन्दा पनि दलितमाथिको विभेद, बहिष्करण र अधिकारविहीनतालाई पूर्ण रूपमा अन्त्य गरी अधिकार सम्पन्न बनाउनु आजको आवश्यकता हो। समस्याबाट भागेर होइन, त्यससँग पौंठेजोरी खेल्दै संघर्षका बिचबाट सही समाधान खोजिनुपर्छ। यो अज्ञानताका कारणले आएको प्रस्ताव होइन, यो त दलितका संवैधानिक र कानुनी अधिकार कटौती गर्ने कोणबाट उठाइएका कूतर्क र अराजनीतिक अभिव्यक्ति हो। हिन्दु अतिवादीले पश्चगामी योजनासहित दक्षिणपन्थी शक्तिलाई समेट्ने असफल प्रयत्न गरिरहँदा शासक समुदायकै शीर्षस्थ व्यक्तिबाट यस्तो पश्चगामी प्रस्ताव आउँदा यसले दलित अधिकारलाई थप मजबुत बनाउनुभन्दा पनि अझ कमजोर बनाउँछ। त्यसैले यस्ताखाले गलत प्रवृत्तिविरुद्धको संघर्ष र बहसलाई अझ विस्तार गर्नुपर्छ।

समाधानको उत्तम विकल्प : दक्षिण एसियामा विशिष्टीकरणसहित जरा गाडी विकराल रूपमा फैलिएको दलित समुदायमाथिको उत्पीडन वर्णाश्रम व्यवस्थाद्वारा राज्यसत्ताको बलमा ऐन, कानुन र नीति-नियम नै बनाएर समाजका सबैभन्दा बढी सीप, कला र क्षमताका धनी श्रमिक समुदायलाई हजारौँ वर्षको विभेदकारी कानुनी र व्यावहारिक बाध्यताको अभ्यासबाट अछुत बनाइएको ऐतिहासिक सच्चाइलाई सबैले आत्मसात् गर्न जरुरी छ। दलित समुदायले राजनीतिक चेतनाको जगमा पुख्यौंली विभेदविरुद्ध निर्मम ढंगले सबैखाले संघर्षका स्वरूप प्रयोग गर्दै व्यवस्था परिवर्तनको आन्दोलन, युद्ध र संघर्षमा संलग्न भई निरन्तर संघर्षरत भएर मात्रै आजको संवैधानिक र कानुनी व्यवस्था प्राप्त गरेको ऐतिहासिक पक्षलाई कसैले पनि भुल्नुहुँदैन।

दलित समुदायलाई विभेद, बहिष्करण, असमावेशिता, असमानता र अधिकारविहीनताबाट मुक्त गर्नु आजको मुख्य सवाल हो। यस्तो समस्याको दीर्घकालीन हल गर्ने नीति, कार्यक्रम र योजना बनाउनुको साटो दलित शब्द नै हटाएर यसको हल हुन सक्दैन। आमा-बालाई बिरामी भएको वेलामा औषधोपचार गर्नुभन्दा 'डोकोमा राखेर तीर्थ लैजाने निहुँमा भिरबाट फाल्ने' प्रवृत्तिजस्तै दलितमाथि हुने गरेको उत्पीडन र अधिकारविहीनताको वैज्ञानिक समाधानतिर लाग्नुको सट्टा दलित शब्द नै हटाइदिएपछि अधिकार प्राप्तिको ढोकै बन्द गर्ने विनाशको बाटोमा लाग्नु उपयुक्त हुँदैन। दलितलाई सदैव दलित बनाउन नभई मुक्त गर्न, अधिकार सम्पन्न बनाउन, सम्मानित, स्वाभिमानी र आत्मनिर्भर बनाउन दलित आन्दोलन निरन्तर संघर्षरत छ।

राज्यले दलित उत्पीडनको अन्तर्यलाई सूक्ष्म ढंगले अध्ययन गरी उचित समाधान गर्न आवश्यक छ। संविधानमा व्यवस्था भएका दलित अधिकार कार्यान्वयनको सवाल 'भन्ने बेलामा खसी, दिने बेलामा फर्सी, त्यही पनि निकोपर्सि' भन्ने उखान चरितार्थ भएको छ। दलित शब्दलाई संशोधन गर्नुभन्दा पनि दलितमाथिको ज्यादती र उत्पीडनविरुद्ध सतिसाल जस्तो उभिएर दलित अधिकारका पक्षमा लाग्नु आजको प्रमुख जिम्मेवारी हो। तसर्थ, संविधानको मौलिक अधिकारमा स्थापित भएका दलित हकको प्रभावकारी कार्यान्वयनका लागि कानुन निर्माण गर्ने, छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयनको रणनीतिक र कार्यनीतिक योजना बजेटसहित निर्माण गर्ने, छुवाछुत ऐनलाई प्रभावकारी ढंगले लागू गर्ने आदि महत्वपूर्ण कार्यमा जनप्रतिनिधि र सरकार लाग्न जरुरी छ। त्यसैगरी दलित अधिकारकर्मीले पनि भावनात्मक पक्षको पछाडि नलागि दलित शब्द संशोधनको भ्रमलाई राम्रोसँग चिर्दै वस्तुगत यथार्थका आधारमा संघर्षलाई थप घनीभूत बनाउन आवश्यक छ।

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ। नेप्से परिसूचक १३ दशमलव ५३ अङ्कले घटेर दुई हजार पाँच सय ८३ दशमलव २९ को बिन्दुमा कायम भएको हो ।

तीन सय १९ कम्पनीका ९१ लाख ८० हजार सात सय १८ कित्ता शेयर ५७ हजार आठ सय ६३ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ५१ करोड ८३ लाख ८५ हजार एक सय सात बराबरको कारोबार भएको छ । जलविद्युत् समूह शून्य दशमलव ६५ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ५७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै विकास बैंक समूह दुई दशमलव ०५ र वित्त समूह एक दशमलव ४९ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव ०१, लगानी एक दशमलव १८, जीवन बिमा शून्य दशमलव ८१, लघुवित्त शून्य दशमलव ३९, म्युचुअल फन्ड शून्य दशमलव ३५, निर्जीवन बिमा शून्य दशमलव ८२, व्यापार एक दशमलव ३५ र अन्य समू शून्य दशमलव ३७ प्रतिशतले घटेको नेप्सेले जनाएको छ । कारोबारमा सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, बाहारी हाइड्रोपावर पब्लिक लिमिटेड र न्यादी हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ४० प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै रिभर फल्स फावर लिमिटेडको रु २२ करोड तीन लाख १२ हजार आठ सय ३४ बराबरको दुई लाख ५२ हजार एक सय ४९ कित्ता शेयर किनबेच भएको छ।

# समाज सेवामा तल्लीन मर्भुङ्गका गजिन्द्र

डीबी खड्का
*गुल्मी*

तत्कालीन मर्भुङ्ग गाविससहित हालको मालिका गाउँपालिका क्षेत्रको लागि गजिन्द्र पौडेल नौलो नाम होइन ।

२९ वर्ष भारतीय सेनामा जागीर गरेका पौडेलको स्वभाव सैनिक जस्तो देखिंदैन । साधारण जीवनशैलीका गजीन्द्रले २०५४ सालमा अवकाश लिएका थिए । त्यसबेला सदरमुकाम तम्घास, बुटवललगायत क्षेत्रमा घर घडेरी किन्ने प्रचलन व्यापक रहे पनि पौडेलले आफ्नो जन्म थलो छोड्न चाहेनन् । मर्भुङ्गकै माटोमा लडिबुडी गरी आफ्नो दैनिकीसँगै सामाजिक कार्यमा सक्रिय रहे ।

विकास र सामाज सेवाको पर्यावाची जस्तै बनेका पौडेलको पछिल्लो २८ वर्षलाई हेर्दा उनले मर्भुङ्गका सबैजसो संघ संस्थामा नेतृत्व र सहभागिता जनाएका छन् ।

उमेर बढ्दै गयो, तागत घट्दै गयो, तर समाज सेवामा उनको मन भने दिनप्रति दिन बढिरहेको छ ।

तत्कालीन थानपति प्राथमिक र अहिलेको थानपती निमाविमा उनी १५ वर्ष सम्म विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बने । १५ वर्ष विद्यालयको नेतृत्व गरेका पौडेलले विद्यालयमा थुप्रै सुधारका काम गरे । सीमित स्रोत साधनका बाबजुद उनको अथक प्रयासमा विद्यालयले धेरै अविस्मरणीय कार्य गरेको स्थानीय बताउँछन् । २०१५ सालमा विद्यालय स्थापन भएको विद्यालयले निमावी तह बन्नको लागि २०६६ सालसम्म पौडेलकै नेतृत्व कुर्नु पर्यो । अर्थात् पौडेलकै नेतृत्वमा तत्कालीन निमावी तह कक्षा ६-८ सञ्चालन भयो ।



विद्यालय त एउटा उदाहरण मात्रै हो । मर्भुङ्गका सामुदायिक वन, मठ मन्दिर, मर्भुङ्ग स्वास्थ्य चौकी, मालिका मावि जस्ता संस्थामा उनको योगदान छ। त्यति मात्रै होइन दघास मैदानसम्म पहिलो पटक मोटर समेत पौडेलकै नेतृत्वमा आएको थियो। २०६३ देखि २०६८ सम्म दघासको मोटर उपभोक्ता समितिको अध्यक्ष बनेर पौडेलले पहिलो पटक समैरुख, दोस्रो पटक बरारुख र तेसो पटक मैदानसम्म मोटर ल्याएका थिए। जुन अहिले यस मोटर बाटोमा बस, ट्रक समेत चल्ने गर्दछन् ।

मर्भुङ्गको विकासमा अहोरात्र खटेका पौडेलले आइतबार अर्को सहयोग गरेका छन् । उनले दघासको थानपती निमाविलाई ३५ हजार दिएका छन् । आफ्ना स्वर्गीय बुबा लालबहादुर पौडेलले स्थापना कालमा अध्यापन गराएको विद्यालयलाई उनले आर्थिक सहयोग गरेका हुन् । विद्यालयले पछिल्लो समय सुरु गरेको बृहत् आर्थिक अभियानलाई साथ दिने उद्देश्यले सहयोग गरेको उनले बताए । 'यो विद्यालय यस क्षेत्रकै पुरानो हो, यसलाई फलाउने फुलाउने हामी सबैको दायित्व सम्झेर बुवाको सम्झनामा सहयोग गरेको हुँ ।'-उनले भने । पूर्व अध्यक्ष समेत रहेका पौडेलले अहिलेको कार्यसमितिले गरेको कामको समेत खुलेर चर्चा गरे ।

ग्रामीण क्षेत्रमै आम नागरिकको चाहनाअनुसार अंग्रेजी र नेपाली माध्यमबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले अभियान सुरु गरिएको विद्यालय व्यवस्थापन समितिले जनाएको छ। अभियानबाट जम्मा भएको रकम अक्षय कोषको रुपमा रहने र त्यसको ब्याज मात्रै प्रयोग गरी शैक्षिक गतिविधि गर्ने विद्यालयका प्रधानाध्यापक गोबिन्द बुढाले जानकारी दिए ।

विद्यालयमा प्राप्त आर्थिक स्रोत र दरबन्दी नहुँदा पठनपाठनमा समस्या आएको हुँदा त्यसको पूर्तिको लागि अभियान चलाइएको विद्यालय स्रोतले जनाएको छ । सहयोग गर्न चाहेमा शाइन रेसुङ्गा डेभलपमेन्ट बैक सिमलाटारी शाखामा थानपती कल्याणकारी कोष (खाता नम्बर ०१४००७००६९०४७९०००००१) मा सहयोग गर्न सकिने विद्यालयले जानकारी दिएको छ ।

# कालिका मानवज्ञान माविले मनायो ६४औं वार्षिकोत्सव



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा बुटवल उप-महानगरपालिका-१० मा रहेको देशकै उत्कृष्ट कालिका मानवज्ञान माध्यमिक विद्यालयको ६४औं वार्षिकोत्सव एवम् अभिभावक दिवस सम्पन्न भएको छ।

आइतबार विशेष समारोहको आयोजना गरी विद्यालयले वार्षिकोत्सव मूल समारोह आयोजना गरिएको हो। जसमा कालिका पदकबाट विभिन्न विधामा उत्कृष्ठ ३४ जना शिक्षकलाई 'कालिका पदक'बाट सम्मान समेत गरिएको छ।

कालिका वर्ष शिक्षकको रुपमा विद्यालयका सहायक प्रधानाध्यापक पिताम्बर बन्जाडेलाई सम्मान गरिएको छ । वर्ष शिक्षको रुपमा घोषित भएका सहायक प्रधानाध्यापक बन्जाडेलाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, बुटवल उप-महानरपालिका प्रमुख खेजराज पाण्डेय, उप-प्रमुख सावित्रादेवी अर्यालयसहित विद्य(ालय व्यवस्थापन समितिका अध्यक्ष नित्यान्द ज्ञवाली, प्रधानाध्यापक दिनेश थापासहितले सम्मान गरेका हुन्।

साथै विद्यालयका विभिन्न तहका इञ्चार्ज तथा उत्कृष्ठ नतिजा प्रदान गर्ने अन्य ३४ जना शिक्षकलाई कालिका पदकबाट सम्मानित गरिएको हो।

विद्यालयले आइतबार आयोजना गरेको वार्षिकोत्सव तथा अभिभावक दिवस मूल समारोहको मुख्यमन्त्री आचार्यले उद्घाटन गर्दै कालिका विद्यालयले हाँसिल गरेका शैक्षिक उपलब्धिहरु प्रदेशका अन्य विद्यालयहरुकालागि बलियो सिकाइको केन्द्रको रुपमा लिनुपर्ने बताएका थिए।

'यस विद्यालयले सबै क्षेत्रमा उत्कृष्ठता हाँसिल गरेको छ । यसबाट अन्य विद्यालयहरुले सिक्न जरुरी छ,' उनले विद्यालयको प्रशंसा गर्दै भने-'विद्य(ालयले गर्ने हरेक क्रियाकलाप र भावि योजनामा प्रदेश सरकारको साथ सहयोग रहन्छ। यो विद्यालयले हाँसिल गरेका उपलब्धिले सिंगो लुम्बिनी प्रदेशको गौरव बढाएको छ।'

विद्यालयलाई यस उच(इमा ल्याइपुऱ्याउन भूमिका खेल्ने सबै बधाईको पात्र रहेको चर्चा गदै ' मुख्यमन्त्री आचार्यले विद्यालयले यो उचाई सधैँ कायम राख्न निरन्तर भूमिका बढाइरहनुपर्ने बताएका थिए । 'अथक प्रयत्न र पौरखले यो विद्य(ालयले उत्कृष्ठताको उचाई हाँसिल गरेको छ। यस प्रकारको उचाईले प्रदेशको गौरव बढाएको छ,' उनले भने-' प्रदेश सरकारले तपाईंहरुलाई सम्मान गर्न चाहन्छ।'

बहुआयामिक क्षेत्रमा विद्यालयले हाँसिल गरेका उपलब्धिहरु शैक्षिक विकासको लागि बलियो स्रोत बन्नेमा मुख्यमन्त्री आचार्यले विश्वास व्यक्त गरे। 'रिजल्टको हिसाबले भन्नुस् या अतिरिक्त क्रियाकलापको हिसाबले भन्नुस् यो विद्यालय देशमै नमूना छ। यहाँबाट उत्पादन भएका विद्यार्थीले जस्तो सुकै प्रतिस्पर्धामा पनि सफलता प्राप्त गरेका छन्,' उनले भने -'विद्यार्थी, शिक्षक, अभिभावक एवम् सिंगो समुदायले गरेको मेहनतको प्रतिफल हो।'

विद्यालयका शिक्षकहरु सुदर्शन रेग्मी, रेनुका शर्मा अधिकारी, राजु शर्मा, शेरचन्द्र गिरी, गोपीकृष्ण रेग्मी, कृष्णप्रसाद अधिकारी, अरविन्द्रकुमार दुवे, नरेन्द्र पौडेल, नरेन्द्र पौडेल, अमृत खनाल, लक्ष्मण केसीसहित ३४ जनालाई सम्मान गरिएको थियो।

कार्यक्रममा बोल्दै बुटवल उप-महानरपालिका प्रमुख खेलराज पाण्डेयले सरकारले विद्यार्थीको संख्याको आधरमा विद्यालयका शिक्षक दरबन्दी कायम गर्नुपर्ने बताएका थिए । ५०००/२०००/१००० विद्यार्थी हुने विद्य(ालयलाई निश्चित मापदण्ड बनाउन आवश्यक रहेको भन्दै उनले नेपाल सरकारसँग विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्द मिलान गर्नको लागि उनले आग्रह समेत गरे । उनले अबको शिक्षा संस्कारसहितको शिक्षा आवश्यक रहेको भन्दै जहाँ संस्कार छ, त्यहाँ शिक्षा राम्रो हुने गरेको समेत बताएका थिए । कालिका मानवज्ञान माविले सिंगो बुटवलको नाम नेपालभर कायम गर्न सफल भएको भन्दै उनले विद्यालयको भौतिक पूर्वाधारलगायतको व्यवस्थापनको लागि स्थानीय पालिकाबाट कुनै पनि कसर बाँकी नराख्ने प्रतिबद्धता समेत व्यक्त गरे।

कार्यक्रममा बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख तथा कालिका मानवज्ञान माविका पूर्व प्रधानाध्यापक घनश्याम पाठकले भनाइ राख्दै अहिलेको कालिका आधुनिक कालिका बन्नको लागि धैरै जनाको योगदान उच्च रहेको बताएका थिए । उनले राम्रो काम गर्न खोज्नेहरुको लागि जहाँ पनि समस्या सृजना हुने भन्दै समस्यासँग जुधेर अगाडि बढ्न आवश्यक रहेको बताएका थिए।

विद्यालयका पूर्व अध्यक्ष तथा बुटवल कालिका क्याम्पसका अध्यक्ष होम गलामीले बांगेकुसुम विद्यालयदेखि कालिका मानवज्ञान माविसम्म आउँदा विद्यालयको प्रगति हजारौं गुणा बढेको भन्दै यसमा सबैको उच्च योगदान रहेको बताएका थिए।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड व्यवस्थापन कार्यालय लुम्बिनी प्रदेशका प्रमुख रमाकान्त तिवारी, बुटवल उप-महानरपालिका वडा नम्बर १० का अध्यक्ष बलु पुन, शिक्षा विकास तथा समन्वय एकाई रुपन्देहीका प्रमुख माधव बन्जाडे, कान्ति माविका प्रधानाध्यापक गोविन्द ज्ञवालीसहित शिक्षक अभिभावक संघका अध्यक्ष केशवराज न्यौपाने, अभिभावक संघ केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष लोकनाथ ज्ञवालीलगायतले आ-आफ्नो भनाइ राखेका थिए।

विद्यालले तयार गरेको वार्षिक प्रगति प्रतिवेदनसहितको कालिका मुखपत्र २०८१ को विमोचन गरिएको थियो। विद्यालयका प्रधानाध्यापक दिनेश थापाले वार्षिक प्रगती विवरण प्रस्तुत गर्दै विद्य(ालयको श्रीवृद्धिमा अभिभावकहरुको ठूलो स्थान रहेको भन्दै सरकारी निकायबाट तलब भत्ता खाने गरी जम्मा ६२ जना र अन्य विद्यालय स्रोतबाट २ सय ८५ जना गरी कुल ३ सय ४७ जना शिक्षक कर्मचारी व्यवस्थापन गर्दै आएको जानकारी दिए । हाल विद्यालयका ७ हजार ७ सय ५० जना विद्यार्थी अध्ययनरत रहेको जानकारी गराउँदै प्रधानाध्यापक थापाले अभिभावकहरुको सहयोगबाट नै विद्यालय चलिरहेको बताएका थिए । विद्यालयमा अहिले पनि विभिन्न जिल्लाबाट परिवारका कुनैपनि सदस्य नभएका र गुमाएका ३७ जना विद्यार्थीहरुले निःशुल्क रुपमा छात्राबासमा बसेर अध्ययन गर्दै आएको उनले बताएका थिए । कार्यक्रमको सहजीकरण सुर्दशन रेग्मीले गरेका थिए।

रविसहित....

सहकारीबाट रकम लिने कार्यमा म कुनै पनि किसिमबाट संलग्न नरहेको र सहकारीको रकम मैले उपभोग समेत नगरेको हुँदा सहकारीको रकम फिर्ता गर्ने जिम्मेवारी मेरो रहँदैन । सहकारी संस्थाबाट मैले ऋण लिएको भए ऋण तथा ब्याज तिर्नको लागि पत्र तथा ताकेता आउनुपर्ने थियो, गैर कानूनी ढंगबाट ऋण लिइएको मलाई जानकारी छैन।

मलाई जानकारी भएको खण्डमा यिनिहरूको कर्तुत बाहिर आउने डर समेत राखी योजनाबद्ध र गोप्य रूपमा गैरकानूनी तरिकाले हिसाब मिलान गरी अर्को वर्षलाई समेत क्यापिटलाइज गरिएको रहेछ भन्ने उल्लेख गरेको, रवि लामिछानेको नाउँमा सहकारीको कम्प्युटर लेखा प्रणाली सिष्टममा अभिलेखीकरण गरिएको, रवि लामिछानेको नाम उल्लेख भई खोलिएको बचत र ऋण खाता मेरो उपस्थिति, मन्जुरी र जानकारीमा खोलेको अवस्था नभएको तथा उक्त खाता खोल्दा कम्प्युटर प्रणालीमा पूर्ण विवरण समेत भरेको नपाइएको हुँदा सो खातामा रवि लामिछानेको हुने कुरै भएन।

म सम्बद्ध गोर्खा मिडियाले मेरो जानकारी, सहमति, उपस्थिति वा योजनामा कुनै पनि सहकारी संस्थाबाट पैसा लिने लिखित वा मौखिक कुनै प्रकारको सहमति, सम्झौता, करार गरेको थिएन । उनीहरूले गरेको लगानीको स्रोत सहकारी संस्थाबाट आएको भन्ने कुरा स्थापित हुने कुनै आधिकारिक दस्तावेज गोर्खा मिडियामा प्राप्त छैन र थिएन।

गोर्खा मिडियामा प्रवन्ध निर्देशकको आधिकारिक जिम्मेवारी मिति २०७७ पुस २५ गतेको निर्णय बमोजिम मिति २०७७ पुस ३० गते नियुक्ति पत्रसहित दिइएको थियो, गोर्खा मिडिया नेटवर्कको कार्यकारी अध्यक्ष गीतेन्द्र बाबु राई समेतले मलाई टेलिभिजनमा लैजाँदै गर्दा १५ प्रतिशत स्वेट शेयर, आकर्षक एडभान्स र तलबसहितको सेवा सुविधा दिने भनि विश्वास दिलाई सहमति र सम्झौता समेत गरी लैजानु भएको हो । जसकारण कम्पनीको सञ्चालकहरू गीतेन्द्र बाबु राई र छविलाल जोशीले शेयर बाँडफाँटको कार्य गर्दै रहँदा सहमति र सम्झौताअनुसार मलाई मिति २०७७ चैत महिनादेखि १ प्रतिशत ५ शेयर सदस्यमा समेत राख्नु भएको उल्लेख गरेका हुन्।

उक्त कम्पनीमा २०७९ असार १ गतेसम्म रही मलाई कम्पनीबाट उपलब्ध गराइएको निःशुल्क शेयरलाई कुनै पनि पैसा नलिइकन जस्ताको तस्तै कार्यकारी अध्यक्ष गीतेन्द्र बाबु राईलाई फिर्ता गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट आधिकारिक रूपमा शेयर सदस्यबाट र कार्यकारी अध्यक्ष गीतेन्द्र बाबु राईको सल्लाह बमोजिम नै टेलिभिजनबाट प्रवन्ध निर्देशकको जिम्मेवारीबाट समेत राजीनामा दिएर अलग भएको हुँ।

## वाणगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
वाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/९/८

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्र सँग सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि.न. | ठेक्का नं | कामको विवरण | छनोट भएको बोलपत्रदाता/दरभाउपत्र | कबोल अंक रकम मु.अ.कर सहित रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | 47/NCB/ BMO/KAPIL/ WORKS/81-82 | PakkiDhad HudaiThakurapurJodne SadakKalopatre ,Ward 04 | शिव ज्योति कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ५९,४१,७४०।६२ | |
| २ | 48/NCB/ BMO/KAPIL/ WORKS/81-82 | Construction of Suryodaya School,Ward 08 | बिन्ध्यवासिनी निर्माण सेवा | १९,८५,३२८।५२ | |

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०९।०८**

बाबा गोरिया सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको अस्ना समेत जातको जम्मा गोलिया थान ४१३ को ४६६४.०९ घनफिट काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समयभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री बाबा गोरिया सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल न.पा. वडा नं. ११, नवलपरासी (ब.सु.प.)**

## Malika Rural Municipality

**Arkhawang,Gulmi**

## Invitation for Bids

Date of publication: 23-December, 2024

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of works as specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format). Information to deposit the cost of Bidding Document in Bank: Name of the Office: Malika Rural Municipality, Arkhawang, Gulmi. Name of Bank: Global IME Bank Ltd. (Branch of Malika Gulmi) Office Account No: 36004010000006
   **Account Name: Ga-1.1 Antarik Rajaswo Khata (Malika Ga. Pa.)**
3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Malika Rural Municipality, Arkhawang, Gulmi
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (StaniyaTahaDharautiKhata (malikaga pa), A/CNo.: 36004010000004) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9857067906,9851129149,within office time.The name, identification number and other details of the contracts are as follows:

| S N | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Extension Project for Chisapani Dugdey Chorkatey Road Way And Culvert. | OMRM-GUL-W- SQ-36-2081/082 | | 1000 | 15000 | 07-01-2025 12:00 | 07-01-2025 13:00 | online |

Asst. Chief Administrative Officer

## लुम्बिनी प्रदेश सरकार

कपिलवस्तु अस्पताल, तौलिहवा

## इलेक्ट्रोनिक बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८१।०९।०८

यस अस्पतालमा भर्ना हुने विरामीको खाद्यान्न खरीद गर्न तपसिल बमोजिम इलेक्ट्रोनिक बोलपत्र आव्हान गरिएकोले आजको मितिले ३१ औ दिन दिउसो १२ वजे भित्र इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीले bolpatra.gov.np/egp मार्फत इलेक्ट्रोनिक बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना तथा जानकारीको लागि PPMO को e–GP पोर्टल bolpatra.gov.np/egpमा हेर्नु हुन र यस अस्पताल (मो.नं.९८५७०५२४१५) मा सम्पर्क गर्नु हुन सुचित गरिन्छ।

| Procurement Title | Contract ID | Bid Fee | Bid Bond |
|---|---|---|---|
| Procurement of ration for indoor patients | kap.hos.ncb.goods. ration-03.081/82 | 3000/- | 90000/- |

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

रु.जि.हु.द.नं.१३/०६३/०६४
२०८१ पौष ०८, गते सोमबार
Monday Dec. 23, 2024
न.प.जि.प्र.का.द.नं.४/०४५/०४६
दैनिक लुम्बिनी

# कृषि क्षेत्रमा भविष्य खोज्दै महेश



**राधिका भुसाल**

*प्यूठान*

पछिल्लो समय कृषि व्यवसाय धेरै युवाको कम रोजाइमा पर्ने गरेको छ। युवाहरूमा कृषि पेसा रुची नहुने र रोजगारी पनि नपाउँदा स्वदेशमा बस्नेभन्दा विदेश जाने युवाको संख्या बढ्दो छ।

आफ्नै बारी बाँझो राख्ने र विदेशमा गएर कष्टका साथ काम गर्नेहरूका लागि भने केही युवा उदाहरण बनेका छन्। प्यूठान नगरपालिका ८ बाग्दुला तालका महेश कुँवर भने त्यस्ता युवाका लागि उदाहरणीय पात्रमध्ये एक हुन्।

केही सयमयता उनले उन्नति कृषि फर्म दर्ता गरेर व्यावसायिक कृषि खेतीमा लागेका छन्। २९ वर्षीय कुँवरको दैनिकी आजकल कृषिकर्ममा बित्ने गर्दछ। ड्रागन फ्रुट खेतीबाट भविष्यमा राम्रो सम्भावना देखेर कृषि लगानी गरेको महेश बताउँछन्। १० रोपनी जमिनमा २ हजार बोट ड्रागन लगाएको उनले बताए।

'अध्ययनको सिलसिला र रोजगारीले गर्दा करिब २१ वर्ष जति घरपरिवार देखि टाढिए,' महेश भन्छन्-'डेढ वर्षयता व्यवसायिक कृषिखेती सुरु गरेर परिवारसँगै बस्न पाउँदाको यो समय निकै आनन्दपूर्वक बितेको छ।'

बुवा, आमा र श्रीमतीको सहयोगमा २ वटा मुर्रा भैंसी पालेर दैनिक २५ लिटर दूध बिक्री गर्दै आएको उनले सुनाए। ड्रागन खेतीसँगै एभोकाँदो, कुरीलो र च्याउ खेती समेत गर्दै आएको महेशले बताए।

उनले पौष ५ देखि सुरु भएको प्रथम भित्रिकोट प्यूठान महोत्सवमा अर्गानिक कृषिजन्य बस्तुको स्टल समेत राखेका छन्।

आफैँले उत्पादन गरेका ड्रागनका बिरुवा, घरतरुल, कोदोको पिठो, फापरको पिठो, दाल्चीनी, बेसार, अकबरे खुर्सानी, राजमा, सिमी, अमलालगायतका थुप्रै अर्गानिक बस्तुहरु बिक्री गर्न ल्याएको उनले बताउँछन्।

हालसम्म करिब ३० लाख लगानी गरेको बताउँदै उनले पहिलो सिजनको ड्रागनबाट ४ लाख आम्दानी गरेको बताए। त्यस्तै दैनिक दूध बिक्रीबाट पनि आम्दानी भइरहेको उनले बताए।

अबको केही समयपछि ड्रागनका बिरुवा १० हजार पुऱ्याउने, ३ वटा मुर्रा भैंसी थप गरी ५ वटा पुऱ्याउने साथै अर्गानिक फर्म सञ्चालन गरी लोकल कुखुरा, हाँस, मौरी पालन गर्ने लक्ष्य रहेको महेशले सुनाए। दैनिक बिहान उठेदेखि साँझसम्मको समयमा कृषिमा लगाउने गरेको बताउँदै परिवारको मुख्य आम्दानीको स्रोत नै कृषि खेती भएको उनको भनाइ छ।

# विद्यालयस्तरीय लोकदोहोरी प्रतियोगितामा कालिका र भजन चुट्कामा पाल्पा प्रथम



बुटवल। बुटवलमा सञ्चालन भइरहेको औद्योगिक व्यापार मेलामा आयोजना गरिएको विद्यालयस्तरीय लोकदोहोरी गीत प्रतियोगितामा बुटवलको कालिका मावनज्ञान माध्यमिक विद्यालयको समूह प्रथम भएको छ। आइतबार भएको फाइनल प्रतिस्पर्धामा जगन्नाथ माध्यमिक विद्यालय सुनवलको समूहलाई पछि पार्दै कालिका मानवज्ञानको समूह प्रथम भएको हो।

त्यसैगरी जगन्नाथ माध्यमिक विद्यालय द्वितीय भएको छ। बुटवलको न्यू होराइजन तृतीय र एपेक्स बोर्डिङ सान्त्वना भएका छन्। प्रतियोगितामा १२ विद्यालय सहभागी भएका थिए। प्रतियोगितामा प्रथम हुने कालिका मानवज्ञान माध्यमिक विद्यालयको समूहलाई १५ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाण पत्र प्रदान गरिएको छ।

त्यसैगरी द्वितीय हुने जगन्नाथ माध्यमिक विद्यालयको समूहलाई १० हजार, तृतीय हुने न्यू होराइजनको समूहलाई लाई ५ हजार र सान्त्वना एपेक्सको समूहलाई ३ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाण पत्र प्रदान गरिएको थियो।

आइतबार नै फाइनल प्रतियोगिता भएको भजन चुट्का प्रतियोगितामा राष्ट्रिय लोक भजन चुट्का संरक्षण प्रतिष्ठान पाल्पा (नारी समूह) प्रथम भएको छ। प्रतियोगितामा प्रथम हुने उक्त समूहलाई २० हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाण पत्र प्रदान गरिएको छ। त्यसैगरी ताली भजन किर्तन समूह सैनामैना द्वितीय, राष्ट्रिय लोक भजन चुट्का प्रतिष्ठान सुनवल तृतीय र आकाशदेवी भजन समूह सैनामैना सान्त्वना भएका छन्।

प्रतियोगितामा द्वितीय हुने ताली भजन किर्तन समूह सैनामैनाको समूहलाई १२ हजार, तृतीय हुने राष्ट्रिय लोक भजन चुट्का प्रतिष्ठान सुनवलको समूहलाई ८ हजार र सान्त्वना हुने आकाशदेवी भजन समूह सैनामैनाको समूहलाई ५ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको सांस्कृतिक कार्यक्रम संयोजक मेला कार्यसम्पादन समितिका सदस्य निर्मित कसजूले जानकारी गराए।

मेलामा आइतबार पनि दर्शकको उल्लेखनीय सहभागिता रहेको मेला कार्यसम्पादन समितिका सदस्य सचिव तथा प्रवक्ता मुक्तिप्रसाद अधिकारीले जानकारी दिए। आइतबार मेलामा लोक तथा दोहोरी गायक पुस्कल शर्मा, प्रकाशराज दुतराज, लक्ष्मी बस्नेत, रेनु राना, उज्ज्वल गिरी, डान्सर अस्मी सुनामको प्रस्तुति रहेको थियो।

त्यसैगरी सोमबार लोक तथा दोहोरी गायक बमबहादुर कार्की, बद्रि पंगेनी, आशा बिसी, तेजु अर्याल, दुर्गा नेपाल, विष्णु सिंजाली मगर, डान्सर ललिता पाइजा मगरको प्रस्तुति रहने पनि सांस्कृतिक कार्यक्रम संयोजक निर्मित कसजूले जानकारी गराए।

**बुटवल हस्पिटलको प्राथमिक उपचार सेवा**

यहि पुसको ३ गतेदेखि सञ्चालनमा रहेको बुटवलको औद्योगिक व्यापार मेलामा बुटवल हस्पिटल प्रा.लि.ले प्राथमिक उपचार सेवा प्रदान गरेको छ। मेला स्थलको मूल गेटमै बुटवल हस्पिटल प्रा.लि.ले निःशुल्क स्वास्थ्य परामर्श तथा प्राथमिक उपचार सञ्चालन गरेको हो।

मेला स्थलमा आइपर्ने सम्पूर्ण स्वास्थ्यसम्बन्धी समस्याका लागि बुटवल हस्पिटल प्रा.लि.लाई जिम्मेवारी प्रदान गरिएको मेलाका प्रवक्ता मुक्तिप्रसाद अधिकारीले जानकारी दिए।

बुटवलको मेलामा आउने सबै अवलोकन कर्ताहरुलाई निःशुल्क स्वास्थ्य परामर्श तथा प्राथमिक उपचार सञ्चालन गर्नेगरी व्यवस्थापन गरिएको छ।

मेलामा स्वास्थ्यकर्मी तथा प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरुको व्यवस्थापन गरिएको अस्पतालका जनरल म्यानेजर देवेश कर्णले बताए।

प्रत्येक दिन स्वास्थ्यकर्मीको टोलीले सेवा दिने भएकोले बुटवल हस्पिटलमा हुने अन्य सेवाका बारेमा बुझ्न र विभिन्न स्वास्थ्य चेकअपका प्याकेजहरु लिनका लागि पनि प्राथमिक उपचारकक्षमा पुग्न अस्पतालका मेडिकल सुपरेटेण्डेन डा. कृष्ण खनालले जानकारी दिए।


## Banganga Municipality Office

Office of Municipal Executive
Banganga, Kapilvastu
Lumbini Province, Nepal

## Invitation for OnlineBids

Date of publication: 2081-09-08

1. The Banganga Municipality Office invite eligible bidder for the contracts named below.

| S. No. | Contract Package No./Works | Bid Security Amount (Nrs.) | Fee for Bid Document | Estimated amount without PS and VAT | Remarks |
|---|---|---|---|---|---|
| 1 | 61/SQB/BMO/KAPIL/GOODS/81-82, Supply and Delivery of CGI Sheet | 12,500 | 1,000 | | |
| 2 | 62/SQB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of Triratna Boudha Bihar, Ward 07 | 22,500 | 1,000 | 7,76,979.25 | |
| 3 | 63/SQB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of Mahila Samridhi Nepalko Truss Nirman, Ward 08 | 27,500 | 1,000 | 9,94,883.79 | |
| 4 | 64/NCB/BMO/KAPIL/WORKS/81-82, Construction of Nawa Durga School, Ward 07 | 1,95,000 | 3,000 | 67,37,114.26 | |
| 5 | 65/NCB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works of Kharkhani Pokhari and Parks, Ward 07 | 57,500 | 3,000 | 19,85,444.00 | |
| 6 | 66/NCB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works ofUnited Bahu-udhesye Sahakari Santha, Ward 04 | 1,00,000 | 3,000 | 34,39,081.18 | |
| 7 | 67/SQB/BMO/KAPIL/WORKS/81-82, Upgradation Works ofPradasani Gate Dekhi SSDC Hudai Nagarpalika Jodne Sadak | 1,00,000 | 3,000 | 34,61,918.45 | |
| 8 | Re50/SQB/BMO/KAPIL/GOODS/81-82, Supply and Delivery of Surgical Items at Pipara Hospital, Pipara Ward 2 | 52,500 | 3,000 | | Re-Bid |

2. Interested bidders may obtainfurther information at Banganga Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egpand Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following specified bank from Rajaswa Portal (https://sutrarevenue.fcgo.gov.np)
*Name of the Bank: Agricultural Development Bank Ltd.,*
Banking Branch Office: Jitpur 4 No,
Name of the Office: Banganga Municipality Office
Office Account no: 0415601617188014
Office Code no: 801054903
Rajaswa (revenue) Shirshak no: 14229
3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's Web site www.bolpatra.gov.np/egp. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Office


# भुसाल सम्पर्क समाज रूपन्देहीको अध्यक्षमा रामचन्द्र

बुटवल। बाफ्कटेरी(मदाने) भुसाल सम्पर्क समाज रुपन्देहीको वार्षिक साधारणसभा तथा अधिवेशनबाट पुनः रामचन्द्र भुसालको अध्यक्षतामा नयाँ नेतृत्व सर्वसमतिमा चयन भएको छ।

समाजको उपाध्यक्षमा कमलप्रकाश भुसाल, सचिवमा बावुराम भुसाल, कोषाध्यक्षमा पुस्कर भुसाल र सह-सचिवमा सरस्वती भुसाल चयन भएका छन्।

त्यस्तै समाजको सदस्यमा विमला केसी भुसाल, दिनेश भुसाल, मीरा भुसाल, विवेक भुसाल, रामचन्द्र भुसाल चयन भएको निर्वाचन समितिका संयोजक यमलाल भुसालले बताए।

समाजको लेखा समिति संयोजकमा तुल्सीप्रसाद भुसाल, सदस्यमा विष्णुशंकर भुसाल र सुरज भुसाल चयन भएका छन्। त्यसअघि साधारणसभाको उद्घाटन समारोहमा बोल्दै समाजका संस्थापक अध्यक्ष हिमालय भुसालले संस्थालाई जन्म दिँदा जुन उद्देश्य र लक्ष्य लिइएको थियो, सोहीअनुसार संस्था अगाडि बढेको र समाजले रुपन्देहीमा रहेका मदानेमा जन्म भै कर्मथलोको रुपमा कार्य गर्दै गरेकाहरुको कामको सराहना गरेका थिए।

उनले भुसालहरुले नेपाल सरकारको निजामतीका क्षेत्रमा गरेको योगदानबाट प्राप्त उपलब्धिलाई जन्म स्थानमा केही भए पनि लगाउन आह्वान गरेका थिए। रामचन्द्र भुसालको अध्यक्षतामा भएको कार्यक्रममा समाजका सल्लाहकार ज्ञानकुमारी भुसाल, भक्तिराम भुसाल, समाजसेवी महेन्द्र भुसाल, कमलप्रकाश भुसाल, अर्जुन भुसाल, हिमाल भुसाल, बावुराम भुसाललगायतले समाजले गरेका उल्लेखनीय कार्यले समाजको महत्व बढ्दै गएको धारणा राखेका थिए।





**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

-धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन,
-यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीघकालीन रोग लाग्न सक्छ।
-आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
-कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
-धुम्रपानले तपाईं र तपाईंको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुऱ्याउँछ।
त्यसैले, धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार विज्ञापन बोर्ड

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**

**बुटवल सेनेटरी प्रा.लि.**
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com